आज मिति २०८० साल वैशाख ३ गते आइतवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | शान्ति राई |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | | | |

प्रमुख प्रशासकीय अधिकृत
२०८०/१/३

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालुवा, भोजपुर

२०८०/१/३
अशोक राई
अध्यक्ष

**प्रस्तावहरुः**

१. अस्पताल भवन निर्माणको मुल्याङ्कन विलको रकम भुक्तानी सम्वन्धमा
२. आर्थिक वर्ष २०८०/८१ को गाउँसभाको कार्यतालिका स्वीकृति सम्वन्धमा
३. चिया प्रशोधन केन्द्रको आसयको सूचना प्रकाशन सम्वन्धमा
४. उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८० स्वीकृति सम्वन्धमा
५. कृषि उपज संकलन केन्द्र सञ्चालन कार्यविधि २०८० स्वीकृति सम्वन्धमा
६. साना सिँचाइ आयोजना सञ्चालन निर्देशिका, २०८० स्वीकृति सम्वन्धमा
७. आमचोक वडा नं ६ को वडा कार्यालय भवनको इ टेण्डर गर्ने सम्वन्धमा
८. गरिवि वर्गीकरण र घर नं अध्यावधिक सम्वन्धमा
९. जग्गा वर्गीकरण सम्वन्धमा
१०. न्यायीक समितिको अध्यायन अवलोकन भ्रमण सम्वन्धमा
११. बालमैत्री रणनीति योजना तयारी गोष्ठी सम्वन्धमा
१२. गाउँपालिका भवनको आर्थिक प्रस्ताव स्वीकृति सम्वन्धमा
१३. पेट्रोल वितरण सम्वन्धमा
१४. ढुङ्गा,गिटी बालुवाको उत्खनन वन्द गर्ने सम्वन्धमा
१५. गाउँपालिकाको आवश्यक कानुन निर्माण गर्न परामर्श सेवा छनौट सम्वन्धमा
१६. आर्थिक सहायता सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल भइ मिति २०७८/०३/२५ मा ठेक्का नं:ARM/WORKS/NCB/05/2078-79 "CONSTRUCTION OF AAMCHOWK AADHARBHUT ASPATAL" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र सगरमाथा घिमिरे निर्माण सेवा को बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसायबाट दोस्रो रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन/हालसम्मको मुल्याकंन तयार गरि तपशिल अनुसारको रकम रु.१,०४,५७,५४५।४२(अक्षेरुपी एक करोड चारलाख सन्तावन्नहजार पाँचसय पैंतालिस रुपैया असीपैसा मात्र) भुक्तानि अस्पताल भवन निर्माणको मुल्याङ्कन रनिङ्ग विल रकम भुक्तानी दिने ।

सम्झौता रकमः रु. १२,८०,४६,८९६।८० ( मु.अ. क बाहेक)
दोस्रो रनिङ बिल बाट आएको रकमः रु. १,०१,९२,५३९।४
मु.अ.क (१३ %) : रु. १३,२५,०३०।१२२
जम्मा रकम मु अ क सहितः रु १,१५,१७,५६९।५२२
कन्टिनजेनसि (४%) : रु. ४,६०,७०२।७८
जम्मा खर्च रकमः रु. १,१९,७८,२७२।३
धरौटि कट्टि रकम(५%) : रु. ५,०९,६२६।९७
अग्रिम आय कर (१.५%) :रु १,५२,८८८।०९१
अन्य कर ; रु ३,९७,५०९।०३६६
भुक्तानि हुने रकम : रु. १,०४,५७,५४५।४२

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

प्रमुख प्रशासकीय अधिकृत २०८०।१।३

२०८०।१।३ अशोक राई अध्यक्ष

**निर्णय नं. २**
प्रस्ताव नं.२ माथि छलफल भइ आर्थिक वर्ष २०८०/८१ को गाउँसभाको कार्यतालिका तपशिल वमोझिम स्वीकृति गर्ने ।

| क्र.सं. | विवरण | मिति |
|---|---|---|
| १ | राजस्व परामर्श समितिको वैठक | वैशाख १३ |
| २ | श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको वैठक | वैशाख १४ गते |
| ३ | कार्यपालिकाको वैठक नीति कार्यक्रमको विषयमा अवधारणा प्रस्तुत | वैशाख १५ |
| ४ | वडा स्तरीय | |
| | (क) वडा समितिको वैठक | वैशाख १६ गते |
| | (ख) वस्ती स्तरको योजना छनौट | वैशाख २० देखि ३० |
| | (ग) वडा स्तरको सरोकारवालाहरुसंगको छलफल | जेष्ठ ५ र ६ गते |
| | (घ) वडा समितिवाट योजना छनौट | जेष्ठ १५ गते भित्र |
| ५ | पालिका स्तरीय | |
| | (क) गाउँपालिकाको शाखा अनुसारको वजेट तथा कार्यक्रमको विषयमा छलफल | जेष्ठ २ देखि ५ |
| | (ख) गाउपालिका स्तरीय सरोकारवालाहरुसंगको छलफल | जेष्ठ ६ देखि १० |
| ६ | समिति स्तरिय वैठक | |
| | (क) आर्थिक विकास समितिको वैठक | जेष्ठ १९ |
| | (ख) सामाजिक विकास समितिको वैठक | जेष्ठ २० |
| | (ग) पूर्वाधार विकास समितिको वैठक | जेष्ठ २१ |
| | (घ) वातावरण तथा विपद व्यवस्थापन समितिको वैठक | जेष्ठ २२ |
| | (ङ) विकास तथा सेवा प्रवाह तथा शुसासन समितिको वैठक | जेष्ठ २३ |
| ७ | विधायन समितिको वैठक | जेष्ठ २४ देखि २६ |
| ८ | योजना तथा वजेट तर्जुमा समितिको वैठक | असार १ र २ |
| ९ | गाउकार्यपालिकाको वैठक | असार ६ र ७ |
| १० | गाउँसभा | असार १०-२६ |
| | (क) नीति,कार्यक्रम तथा वजेट प्रस्तुत | असार १० |
| | (ख) गाउँसभाले स्वीकृत गर्नु पर्ने अन्य विषयहरु पेश छलफल तथा स्वीकृत | असार २७ |
| ११ | शुत्रमा वजेट प्रविष्टी | असार २७-३० |
| १२ | दर रेट निर्धारण समितिको वैठक | असार ३१ |
| १३ | आर्थिक वर्ष २०८०/८१ को खरीद योजना तयारी तथा स्वीकृति | श्रावण २ |

**निर्णय नं. ३**
प्रस्ताव नं. ३ माथि छलफल भइ आमचोक चिया प्रशोधन केन्द्र भवन निर्माणका लागि प्रदेश सरकार र यस कार्यालयले आर्थिक दायित्व बहन गर्ने गरी लागत अनुमान स्वीकृत गरी उक्त कार्यको खरिद नं. ARM/NCB/WORKS/02/2079-80 "CONSTRUCTION OF TEA FACTORY IN AAMCHOWK" कायम गरी ई-बिड मार्फत आव्हान गरी सो को सूचना राष्ट्रिय दैनिक नागरिक पत्रिकामा प्रकाशित भए अनुरुप ई-बिड मार्फत अन्तिम मिती सम्म १२ (बाह) वटा बोलपत्रदाताहरुबाट प्रस्ताव पेश भइ उक्त खरिद नं ARM/NCB/WORKS/02/2079-80 "CONSTRUCTION OF TEA FACTORY IN AAMCHOWK"को बोलपत्र मिती २०७९/१२/२६ गते खोली मूल्याङ्कन समितीले मूल्याङ्कन गरी पेश गरेको मूल्याङ्कन प्रतिबेदन अनुसार बोलपत्र M/S ONLIGHT BUILDERS KATHAMANDU ले पेश गरेको आर्थिक प्रस्ताब सवै भन्दा कम भएकोले M/S ONLIGHT BUILDERS KATHAMANDU लाई सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ को उपदफा ७ बमोजिम न्युनतम मूल्याङकित सारभुत रुपमा प्रभावग्राही मानी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र सार्वजनिक खरिद नियमावली २०६४को नियम ५४(क) बमोजिम बोलपत्र स्विकृत गरी आशयको सूचना प्रकाशन गर्ने ।

अशोक राई
अध्यक्ष

**निर्णय नं. ४**
प्रस्ताव नं.४ माथि छलफल भइ आमचोक गाउँपालिकाको उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि २०८० स्वीकृति गर्ने ।

**निर्णय नं. ५**
प्रस्ताव नं.५ माथि छलफल भइ आमचोक गाउँपालिकाको कृषि उपज संकलन केन्द्र सञ्चालन कार्यविधि २०८० स्वीकृति गर्ने ।

**निर्णय नं. ६**
प्रस्ताव नं.६ माथि छलफल भइ आमचोक गाउपालिकाको साना सिँचाइ आयोजना सञ्चालन निर्देशिका, २०८० स्वीकृति गर्ने ।

**निर्णय नं. ७**
प्रस्ताव नं.७ माथि छलफल भइ आमचोक गाउँपालिकाको वडा नं.६ को वडा कार्यालय भवन लागि आमचोक गाउँपालिका वडा नं ६ (साविकको देवानटार गा.वि.स. वडा नं.७) निवासी श्री मकर वहादुर पौड्यालको नाममा भोजपुर जिल्ला साविकको देवानटार गाविस वडा नं १ मा दर्ता कायम भएको किता नं.३ क्षेत्रफल ९-२-०-१ बाट ४ रोपनी जग्गा निशुल्क प्रदान भएकोले सो जग्गामा वडा भवन वनाउने क्षेत्रफलको नापि कार्यलयको अमिन मार्फत एकिन गरी जग्गा कित्ता काट गरी नामसारीको प्रकृया साथ आमचोक वडा नं ६ को वडा कार्यालय भवनको इ टेण्डर गर्ने ।

**निर्णय नं. ८**
प्रस्ताव नं.८ माथि छलफल भइ आमचोक गाउँपालिकाको गरिवि वर्गीकरण र घर नं अध्यावधिक गर्नको लागि वडा कार्यालयको सिफारिसलाई एकरुपता कायम गर्नको लागि मिति २०८० वैशाख १७ गते कार्यपालिका सदस्यहरु र वडा सचिवहरुको विच १ दिन कार्याशाला गोष्ठी संचालन गर्ने ।.

**निर्णय नं. ९**
प्रस्ताव नं.९ माथि छलफल भइ भू-उपयोग ऐन २०७६ तथा भूउपयोग नियमावली २०७९ वमोजिम आमचोक गाउँपालिकको जग्गा वर्गीकरण गर्नको लागि हिउंदे गाउसभावाट नेपाल सरकार वित्तिय समानीकरण अनुदान अन्तर्गत रु.५०००००। रकम विनियोजन गरिएकोमा सूचिकृत सेवा प्रदायकहरुवाट प्रस्ताव माग गरिएकोमा सो रकमले कार्य सम्पन्न गर्न नसक्ने भनि कसैले पनि प्रस्ताव पेश नगरेको कारण पुन समपुरक कोषवाट रु.५०००००। थप गरी रु.१००००००।(दशलाख) मा काम सम्पन्न गर्ने गरी पुन प्रस्ताव माग गर्ने ।

**निर्णय नं. १०**
प्रस्ताव नं.१० माथि छलफल भइ नेपाल सरकार वित्तिय समानीकरण अनुदानको गाउसभावाट विनियोजन न्यायिक समिति संचालन तथा व्यवस्थापन शिर्षकको रु.३०००००। रकमले न्यायिक समितिको राष्ट्रिय सम्मेलनवाट पारित सवै न्यायिक समितिको कार्यसम्पादनमा एकरुपता ल्याउनु पर्ने भएकोले न्यायीक समितिको पदाधिकारीहरुले नेपालका उत्कृष्ट न्याय सम्पादन भएका अन्तर जिल्लास्तरीय ५ वटा जिल्लाहरु(काठमाण्डौ, ललितपुर, कास्की ,चितवन र पाल्पा र जिल्ला भित्रका ८ वटा स्थानीय तहहरुको न्यायीक समितिहरु कार्य सम्पादन अध्यायन अवलोकन भ्रमण गर्ने ।

**निर्णय नं. ११**
प्रस्ताव नं.११ माथि छलफल भइ आमचोक गाउँपालिकाको बालमैत्री रणनीति योजना तयारी गर्नको लागि सेवा प्रदायक संस्था र कार्यपालिका सदस्यहरु विच मिति २०८० वैशाख १७ गते विहान वैठक वस्ने ।

प्रमुख प्रशासकीय अधिकृत २०८०/१/२

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

२०८०/१/३
अशोक राई
अध्यक्ष

**निर्णय नं. १२**
प्रस्ताव नं.१२ माथि छलफल भइ आमचोक गाउँपालिकाको कार्यालय बालंखा भोजपुरको प्रशासकीय भवन निर्माणका गर्नका लागि नेपाल सरकारबाट र यस कार्यालयले आर्थिक दायित्व बहन गर्ने गरी लागत अनुमान स्वीकृती भए वमोजिम उक्त कार्यको खरिद नं. ARM/NCB/WORKS/01/2079-80 "CONSTRUCTION OF AAMCHOWK RURAL MUNICIPLAITY ADMINISTRATIVE BUILDING" कायम गरी ई-बिड मार्फत आव्हान गरी सो को सूचना मिती २०७९/१०/११ गते राष्ट्रिय दैनिक नागरिक पत्रिकामा प्रकाशित भए अनुरुप ई-बिड मार्फत अन्तिम मिती सम्म ३ (तिन) वटा बोलपत्र M/S MARSELI NIRMAN SEWA DANDA BAZAAR BHOJPUR,M/S MAHATO/IMPERIAL/CHETANA JV NAGRAIN-01,DHANUSA र M/S SAGARMATHA-POLESTAR-SHUVA&DHRUBA JV YAMKHA-04,KHOTANG को प्राविधिक पक्षको प्रस्ताव स्वीकृत आर्थिक प्रस्ताव मिती २०७९/१२/२८ मा खोली उक्त कार्यको लागि मूल्याङ्कन समितीले मूल्याङ्कन गरी पेश गरेको मूल्याङ्कन प्रतिबेदन अनुसार बोलपत्र M/S MAHATO/IMPERIAL/CHETANA JV NAGRAIN-01,DHANUSA ले पेश गरेको आर्थिक प्रस्ताब सवै भन्दा कम भएकोले M/S MAHATO/IMPERIAL/CHETANA JV NAGRAIN-01,DHANUSA लाई सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ को उपदफा ७ बमोजिम न्युनतम मूल्याङकित सारभुत रुपमा प्रभावग्राही मानी आर्थिक प्रस्ताव स्वीकृति हुनेगरी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५४(क) बमोजिम बोलपत्र स्विकृति गरी आशयको सूचना प्रकाशन गर्ने ।

**निर्णय नं. १३**
प्रस्ताव नं.१३ माथि छलफल भइ गाउँपालिकाको जनप्रतिनिधिहरु, कर्मचारीहरु र सुरक्षा निकायहरुलाई आवश्यक्ता भइ माग भएमा तपशिल वमोजिमको पेट्रोल उपलव्ध गराउने ।

- अध्यक्ष र उपाध्यक्षलाई संघीय सरकारको कानून वमोजिम
- वडा अध्यक्षहरुलाई भौगोलिक अवस्था, योजना अनुगमनको चाप र अन्य कानुन वमोजिमको कार्य गर्दा अनुगमन शिर्षकको रु.४०००। ले नपुग भएमा कार्यालयमा पेट्रोल भएको अवस्थामा मासिक २० लि.सम्म
- कर्मचारीहरुलाई कार्यालयको वा आफ्नो मोटरसाइकल प्रयोग गरिरहेको अवस्थामा सवारी चालक अनुमति पत्र भएकाहरुलाईमात्र कार्यालयको कामको प्रयोजनको लागि मात्र मोटरसाइकलको यात्राको दुरी अनुसार वढीमा मासिक १० लि.सम्म ।
- कार्यालयको कर्मचारीहरु कार्यालयको कामको सिलसिलामा गाउपालिका वाहिर जानु पर्ने अवस्थामा वाहेक फिल्डभत्ता र थप सुविधा प्राप्त कर्मचारीलाई पेट्रोल उपलव्ध नगराउने ।
- आमचोक गाउँपालिकामा रहेको ५ वटा सुरक्षा निकायहरुलाई कार्यालयमा पेट्रोल भएको अवस्थामा मासिक वढीमा १० लि.सम्म ।

**निर्णय नं. १४**
प्रस्ताव नं.१४ माथि छलफल भइ आमचोक गाउँपालिकाको सडक खण्डहरुमा जताभावि ढुङ्गा,गिटी र बालुवाको उत्खनन भइ सडकहरु अवरुद्द भएकोले ७ दिने सार्वजनिक सूचना जारी गरी ढुङ्गा,गिटी र बालुवाको उत्खनन वन्द गर्ने । साथै आमचोक वडा नं ४ को शहिद पार्कमा व्यावशायीहरुले जताभावी वालुवा संकलन गरि राखेको देखिएकोले ७ दिन भित्र हटाउँनको लागि सूचना जारी गर्ने ।

**निर्णय नं. १५**
प्रस्ताव नं.१५ माथि छलफल भइ आर्थिक वर्ष २०७९/८० को अल्या दायित्व रकम शिर्षकवाट गाउँसभाले विनियोजित आवश्यक कानुन निर्माणको लागि कानून लेखन परामर्श सेवा शिर्षकको रु.४०००००। (चारलाख) रकमवाट परामर्शदाता मार्फत तपशिल वमोजिमको कानुन निर्माण गर्ने ।
क) आमचोक खानेपानी मर्मत सम्भार तथा संचालन ऐन २०८०
ख) आमचोक चिया तथा कफि विकास ऐन २०८०
ग) संस्था दर्ता ऐन २०८०
घ) घारे सामुदायिक कृषि फर्म संचालन कार्यविधि २०८०
ङ) मर्मत सम्भार कोष संचालन कार्यविधि २०८०

**निर्णय नं. १६**
प्रस्ताव नं.१६ माथि छलफल भइ मित २०७९ चैत्र १९ गतेको निर्णय वमोजिम आमचोक ४ निवासी सरमध्वाज दमाईको छोरा गोविन्द परियारको भोजपुर अस्पताल र विपि असपतालमा चेक जाँज गर्दा हेपाटाइटिस वि देखिएको र विर असपताल जानु पर्ने साथै आर्थिक अवस्था कमजोड भएको वडा कार्यालयको सिफारिस प्राप्त भएकोले राजश्व अनुदान अन्तर्गत अन्य सहायता शिर्षवाट रु १५०००।(अक्षेरुपी पन्ध्रहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने निर्णय भएकोले रु.५०००। थप गरी रु. २००००।(अक्षेरुपी विसहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

२०८०/१/३　आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर　०८०/१/३